आज मिति २०८२ साल फालुन २७ गते विहिवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सचिव | श्री धन कुमार राई | |
| १९ | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २० | प्राविधिक शाखा प्रमुख | श्री विपन सुवेदी | |
| २१ | सूचना प्रविधि अधिकृत | श्री गिरीराज पौडेल | |
| २२ | सव इन्जिनियर | श्री भिमलाल गिरी | |

प्रमुख प्रशासकीय अधिकृत
२०८२।११।२८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालन्ख, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष
८२।११।२८

**प्रस्तावहरु**

१. स्काभेटर खरीदको स्पेसिफिकेशन र लागत अनुमान स्वीकृत गरी श्रोत सुनिश्चितता सहित इ-टेण्डर गर्ने सम्वन्धमा
२. करार सेवामा कार्यालय सहयोगी छनौटको लागि विज्ञापन प्रकाशन सम्वन्धमा
३. आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक प्रगति समिक्षा ,सार्वजनिक सुनुवाई कार्यक्रम र हिउँदे गाउँसभाको मिति तय गर्ने सम्वन्धमा
४. स्थानीय शासन कार्यसम्पादन (Local Governance Performance Assessment System-LGPAS) मुल्याङ्कन सहजिकरण समिति गठन सम्वन्धमा
५. आधारभूत स्वास्थ्य सेवा केन्द्रभवन निर्माणको इ-टेण्डर सम्वन्धमा
६. बालंखा वजार वस्ती विकासको प्राविधिक परिक्षण प्रस्ताव स्वीकृती सम्वन्धमा
७. मतदाता शिक्षा कार्यक्रमको रकम भुक्तानी सम्वन्धमा
८. विपद व्यवस्थापन सामग्री खरीद सम्वन्धमा
९. कार्यालय सहयोगी श्री वृख वहादुर राईको उपदान रकम भुक्तानी सम्वन्धमा
१०. आर्थिक सहायता सम्वन्धमा

**निर्णय नं.१**
प्रस्ताव नं. १ माथि छलफल भई आमचोक गाउँपालिको आ.ब. २०८२/०८३ को स्वीकृत बार्षिक निति कार्यक्रम तथा बजेट अनुसार Crawler Mounted Hydraulic Excavator मेसिन खरीदका लागि ईटहरी उपमहानगरपालिका, सुनसरीका मेकानिकल ईन्जिनियर श्री रुपेश आचार्यद्वारा तयारी गरिएको स्पेसिफिकेशन र जम्मा लागत अनुमान रु.१,१९,२०,०००। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गरी आमचोक गाउँपालिकाद्वारा विनियोजित रकममा नपुग रकम रु.९,२०,०००। आन्तरिक राजश्व शिर्षकवाट व्यहोर्ने गरी इ-टेण्डर गर्ने ।

**निर्णय नं.२**
प्रस्ताव नं. २ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं.५ को रिक्त कार्यालय सहयोगी पदको लागि करार सेवामा पदपूर्ति गर्नको लागि २१ दिनको सूचना प्रकाशन गरिएकोमा निर्वाचन आचारसंहिताको कारण रोकिएको र गाउँपालिकामा समेत कार्यलय सहयोगीको रिक्त दरवन्दी रहेकोले वडा नं ५ को लागि १ जना र गाउँपालिकाको रिक्त दरवन्दीमा १ जना गरी २ जना कार्यालय सहयोगी छनौटको लागि २१ दिनको विज्ञापन प्रकाशन गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८२।११।२८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालंखा, भोजपुर
२०७३

अशोक राई
अध्यक्ष
२०८२।११।२८

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई आमचोक गाउँपालिकाको २०८२/८३ को अर्धवार्षिक प्रगति समिक्षा गोष्ठी, सार्वजनिक सुनुवाई कार्यक्रम र हिउँदे गाउँसभा तपशिल वमोजिम सञ्चालन गर्ने ।

| क्र.सं. | विवरण | मिति | समय |
|---|---|---|---|
| १ | अर्धवार्षिक प्रगति समिक्षा गोष्ठी | २०८२ चैत्र ९ गते | विहान १०:०० वजे देखि |
| २ | अर्धवार्षिक सार्वजनिक सुनुवाइ कार्यक्रम | २०८२ चैत्र ९ गते | दिनको २: ०० वजे देखि |
| ३ | कार्यपालिका वैठक | २०८२ चैत्र ११ गते | विहान १०:०० वजे देखि |
| ४ | २०८२/८३ को हिँउदे गाउँसभा | २०८२ चैत्र १२ गते | दिनको १ : ०० वजे देखि |

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल भई स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणाली कार्यविधि २०८२ को दफा १४ वमोजिम तपशिल वमोजिम स्वामुल्याङ्कन समन्वय समिति गठन गर्ने । साथै समयसिमाभित्र कार्यविधि वमोजिम कार्यसम्पादन मुल्याङ्कन गरी सम्वन्धित निकायमा पठाउने ।

स्वमुल्याङ्कन समन्वय समिति

- प्रमुख प्रशासकीय अधिकृत : संयोजक श्री धन कुमा राई
- सामाजिक विकास हेर्ने शाखा प्रमुखः सदस्य श्री महि नारायण चौधरी
- आर्थिक विकास हेर्ने शाखा प्रमुख : सदस्य श्री लोकचन्द्र राई
- पूर्वाधार विकास हेर्ने शाखा प्रमुख : सदस्य श्री विपन सुवेदी
- वन तथा वातावरण हेर्ने शाखा प्रमुख : सदस्य गिरीराज पौडेल
- योजन शाखा प्रमुख :सदस्य सचिव श्री मिनराज विष्ट

**निर्णय नं.५**

प्रस्ताव नं. ५ माथि छलफल भई आमचोक गाउँपालिकाको आ.ब. २०८२/०८३ को वडा नं. ३ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण कार्यको लागि जम्मा लागत अनुमान रु.४२,१५,३८१.०३। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ को उपनियम १ बमोजिम स्वीकृत गरी नेपाल सरकार सशर्त अनुदान अन्तर्गत रु ३८,००,०००।– (अक्षेरूपी रु-अठतिस लाख मात्र) बजेट प्राप्त भएकोले नपुग हुने रु.४,१५,३८१.०३। आन्तरिक राजश्व शिर्षकवाट भुक्तानी हुने गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार इ-टेण्डर गर्ने ।

२०८२।११।२८

प्रमुख प्रशासकीय अधिकृत

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर २०७३

२०८२।११।२८

अशोक राई
अध्यक्ष

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाऊँपालिकाको कार्यालय बालंखा, भोजपुरलाई नेपाल सरकार समपुरक अनुद रकम र आमचोक गाउँपालिकाले दायित्व बहन गर्ने गरी लागत अनुमान स्वीकृत गरी बोलपत्र आव्हान प्रकिया अगा वढाउने निर्णय वमोजिम बोलपत्र नं. ARM/NCB/WORKS/01/2082/083 " BALANKHA BAJAAR EKIKRIT BIKAS कायम गरी ई-बिड मार्फत आव्हान गरी सो सूचना मिती २०८२/०९/२२ गते राष्ट्रिय दैनिक प्रभाव पत्रिकामा पनि प्रकाशि गरिए अनुरुप ई-बिड मार्फत अन्तिम मितीसम्म ४ (चार) वटा बोलपत्रMM/S Hertz Engineering Pvt. Ltd Kathmand M/S Bhusnamchha Construction Triyuga Municipality Gaighat Nepal, M/S Kabi Construction-Karm Builders JV Janakpur Dhanusa Nepal, M/S Makalu Nirman Sewa Shyamsila Bhojpur पेश भए वमोजिम उक कार्यको मूल्याङ्कनका लागि बनेको आमचोक गाउँपालिकाको मुल्याङ्कन समितीले मुल्याङ्कन गरी पेश गरेको मुल्याङ्क प्रतिबेदन अनुसार बोलपत्र MM/S Hertz Engineering Pvt. Ltd Kathmandu, M/S Bhusnamchha Constructio Triyuga Municipality Gaighat Nepal, M/S Kabi Construction-Karma Builders JV Janakpur Dhanus Nepal, M/S Makalu Nirman Sewa Shyamsila Bhojpur ले पेश गरेको प्राविधिक प्रस्ताव माग भए अनुसारक भएकोले उक्त सारभुत रुपमा प्रभावग्राही बोलपत्रहरुलाई सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ (ङ) क उपनियम ५ बमोजिम प्राविधिक परिक्षण प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने ७ दिनको आसयको सूचना प्रकाशन गर्न ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल भई प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि मतदाता शिक्षा कार्यक्रम सञ्चालनको लागि सहजकर्ता र स्वयंसेवकहरुको अभिमुखिकरण कार्यक्रममा भएको जम्मा खर्च रकम रु.४००००।(चालिसहजार) नेपाल सरकार राजश्व अनुदानको विविध शिर्षकवाट भुक्तानी दिने ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल भई जिल्ला विपद व्यवस्थापन समितिवाट एकिन भइ आएका तपशिल वमोजिमको सामग्रीहरु नेपाल सरकार वित्तिय समानीकरण अनुदानको विपद व्यवस्थापन शिर्षकवाट खरीद गर्ने ।

१. फायर वाटर गन-१३ थान
२. ऐवर व्याग(Heavy lift air bag)-५ थान
३. Fire Blanket-१२ थान
४. Mitten Gloves-१५ थान
५. Safety gloves f537-१५ थान
६. Safety gloves f542-१५ थान
७. Fire Helmet-२५ थान
८. कोदालो-१० थान
९.ग्यासी फायर-३ थान
१०.मोटर-१ थान
११. लुज पाइप-५०० मीटर

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर २०७३

प्रमुख प्रशासकीय अधिकृत

२०८२/११/२८

अशोक राई अध्यक्ष

०८२/११/२८

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल भई आमचोक गाउँपालिका वडा नं ५ मा कार्यरत कार्यालय सहयोगी श्री वृख वहादुर राई उमे हदका कारण अवकास भएकोले नियम वमोजिमको उपदान,घरविदा,विरामी विदा र उपचार खर्च वापतको रकम तपशिल वमोजिम नेपाल सरकार राजश्व अनुदानको कर्मचारी कल्याण कोष शिर्षकवाट भुक्तानी दिने

- उपदान रकम जम्मा रु. ७,५१,१४०। (२७ महिनाको)
- घरविदाको रकम जम्मा रु.१,६६,९२०। (६ महिनको)
- विरामी विदाको जम्मा रु.रु.१,९४,७४०। (७ महिनको)
- उपचार खर्चको जम्मा रु.रु.५,८४,२२० (२१ महिनाको)
- सवैको जम्मा रु.१६,९७,०२०। (अक्षेरुपी सोह्रलाख सन्तानव्वेहजार वीसमात्र)

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल भई वडा कार्यालयको सिफारिस वमोजिम नेपाल सरकार राजश्व अनुदानको अन्य सहयत शिर्षकवाट तपशिल वमोजिमको व्यक्तिहरुलाई तपशिल वमोजिम आर्थिक सहायता गर्ने ।

| क्र.सं. | नाम | वडा नं | कारण | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सनतोष ठट्टालको श्रीमती चन्द्र कुमारी दर्जी | ८ | लडेर सख्त घाइते भएको । | १५०००। | पन्ध्रहजार मात्र |
| २ | श्री ध्यान वहादुर राईको छोरी सावित्रा राई | ६ | दुर्घटनामा परि सख्त घाइते भएको । | २५०००। | पच्चिसहजार मात्र |

२०८२।११।२८

गाउँ कार्यपालिकाको कार्यालय बालबा, भोजपुर २०७३

२०८२।११।२८

अशोक राई अध्यक्ष